प्रदेश सरकार

लुम्बिनी प्रदेश

# सामाजिक विकास मन्त्रालय

(युवा तथा खेलकूद महाशाखा)

मुकाम बुटवल, नेपाल

पत्र संख्याः ०७७/०७८

चलानी नं.: १२२६

मितिः २०७७।१०।२३

**खेलकूद प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

यस मन्त्रालयको आर्थिक वर्ष २०७७/०७८ को खेलकूद प्रवर्द्धन कार्यक्रम अन्तर्गत यस मन्त्रालयसँगको साझेदारीमा प्रदेशस्तरीय खेलकूद प्रतियोगिता सञ्चालनका लागि तपसिलबमोजिमका मापदण्ड पुगेका खेलकूदसँग सम्बन्धित संघ संस्थाहरुलाई निम्नानुसारका कागजात सहित सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र कार्यालय समयमा यस मन्त्रालयमा प्रस्ताव पेश गर्नका लागि मिति २०७७।१०।२१ को निर्णय अनुसार यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

१. संस्थाको विधानमा खेलकूद क्षेत्र अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ ।

२. सञ्चालन गरिने खेलकूद प्रतियोगिता प्रदेशस्तरीय हुनुपर्नेछ ।

३. प्रस्तावमा खेलकूद प्रतियोगितामा समावेश गरिने खेलको विधा, खेल तालिका, सहभागी हुने खेलाडी, अफिसियल तथा रेफ्री संख्या, प्रतियोगिता सञ्चालन हुने मिति र स्थान, प्रतियोगिताको विभिन्न शीर्षक अनुसारको कूल लागत रकम तथा सो रकम साझेदार गर्ने संस्था स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

४. संघ संस्था दर्ता र चालु आ.ब. का लागि नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपी, संस्थाको कम्तीमा आ.ब. २०७५।०७६ को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी, संस्थाको विधानको प्रतिलिपी, राष्ट्रिय खेलकूद परिषद् वा जिल्ला खेलकूद विकास समितिबाट प्रतियोगिता व्यवस्थापनका लागि आयोजक संस्थासँग प्राविधिक जनशक्ति र अनुभव भएको सिफारिस पत्र, प्रतियोगिता व्यवस्थापनमा मुख्य भूमिका निर्वाह गर्ने व्यक्तिलाई जिम्मेवारी दिएको निर्णयको प्रतिलिपी प्रस्तावका साथमा पेश गर्नुपर्नेछ ।

५. रीत नपुगेको वा तोकिएको म्यादभित्र प्राप्त नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

६. यस कार्यक्रमसम्बन्धी थप जानकारीका लागि मन्त्रालयको वेवसाइट www.mosd.p5.gov.np मा रहेको युवा, खेलकूद, भाषा तथा लिपीसम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन (२०७७।०७८) हेर्न सकिनेछ।

७. प्रस्तावनाको ढाँचा यस मन्त्रालयको www.mosd.p5.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

२०७७।१०।२३

विष्णु प्रसाद पन्थी

शाखा अधिकृत

प्रदेश सरकार
लुम्बिनी प्रदेश
# सामाजिक विकास मन्त्रालय
(युवा तथा खेलकूद महाशाखा)
मुकाम बुटवल, नेपाल

पत्र संख्याः ०७७/०७८
चलानी नं.:

### खेलकूद प्रवर्द्धन कार्यक्रमका लागि प्रस्तावनाको ढाँचा

क) सँस्थाको सङ्क्षिप्त परिचय

ख) सँस्थाको उद्देश्य

ग) सँस्थाले हाल सम्म सन्चालन गरेका खेलकूद इभेन्टहरु (कस कसको साझेदारीमा सन्चालन गरेको हो सो समेत खुलाउनु पर्ने)

घ) सँस्थाको जनशक्ति ( अफिसियल प्रशिक्षक आदिको अनुभव सहितको बिबरण)

| नाम | ठेगाना | पद | शै योग्यता | खेल विधा | तालिम विवरण | अनुभव |
|---|---|---|---|---|---|---|
| | | | | | | |

ङ) हाल सन्चालन गर्न प्रस्ताव गरिएको खेलकूद कार्यक्रमको कार्ययोजना

| इभेन्ट | सन्चालन हुने मिति | सन्चालन हुने स्थान | सहभागी सँख्या | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

च) अन्य कुनै बिषय भए सो समेत उल्लेख गर्ने

पुनश्चः

१. लागत अनुमान उल्लेख गर्दा सन्चालन खर्च, खेलकूद सामग्री, पुरस्कार, प्रशिक्षक लगायतको एकाइ लागतको खर्च सहित बिस्तृत बिबरण संलग्न गर्नु पर्ने छ ।

२. प्रशिक्षकको तालिम तथा अनुभवको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।


Web: www.mosd.p5.gov.np, Email: info.mosd@p5.gov.np, mosdfive@gmail.com, Phone No. 071-550038, 550650